# भगवतीमाई गाउँपालिका स्थानीय रोजगार रणनीति

## (आ.व. २०८१/८२ – २०८५/०८६ सम्म )

## भगवतीमाई गाउँपालिका

## देलेख, जिल्ला

## कर्णालि प्रदेश, नेपाल

विषय सूची

**कार्यकारी सारांश**

खण्ड १

१ - रणनैतिक सन्दर्भ (Strategic Context)

१. पृष्ठभुमि
२. रोजगार रणनैतिक आवस्यकता अचित्य
३. अध्यन पद्धति
४. क्षेत्र
५. सिमा

खण्ड -२ वर्तमान अवस्थाको विष्लेषण (Current Situation Analysis)

खण्ड -३ रणनैतिक विष्लेष्ण (Strategic Analysis)

खण्ड -४ रणनैतिक सवालहरु (Strategic Issues)

खण्ड -५ दुरदृष्टि, ध्येय र उदेश्य (Long term Vision, Mission and Objectives)

खण्ड -६ रणनैतिक लक्ष्यहरु (Strategic Goals)

खण्ड -७ रणनैतिक स्तम्भ (Major Strategic)

खण्ड -८ पाँच वर्षको रणनैतिक कार्ययोजनाहरु (Strategic Action Plan)

खण्ड -९ श्रोत परिचालन र बजेट व्यबसथापन (Resources Mobilization and Budget Management)

खण्ड -१० रणनितिक योजनाको निर्देशक समिति अनुगमन र मुल्यांकन सम्वन्धि व्यवस्था (Steering Committee, Monitoring and Evaluation)

खण्ड -११ जोखिम व्यवस्थापन (Risk Management)

अनुसुचिहरु

# खण्ड — १

# रणनीतिक सन्दर्भ

## १.१ पृष्ठभमि

नेपालको संविधानको धारा ५१ मा रहेको श्रम र रोजगार सम्बन्धी नीतिको व्यवस्था रहेको छ । सो नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै भगवतीमाई गाउँपालिकाको सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई दक्ष व्यवसायिक बनाउने र गाउँपालिकामा नै रोजगारी अभिवृदि गर्ने लगायत वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई गाउँपालिकामा नै उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहान गर्ने लक्ष्य लिएको छ ।

संविधानको धारा १७ मा श्रमप्रतिको अवहेलना गर्न नहुने, धारा १८ को उपधारा ४ ले समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गर्न नहुने, धारा १९ को उपधारा १ ले श्रम प्रति अपहेलना, जातीय छुवाछुत एवं लैंगिक भेदभाव हुने सद्दाचार गर्न नहुने, धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, धारा ३४ को उपधारा २ ले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने, धारा ४२ ले सामाजिक न्यायको अधिकार हुने र धारा ५ को उपधारा २ ले सबै प्रकारका विभेद शोषण र अन्यायको अन्त्य एवम् श्रमको सम्मान, उधमशिलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांकृतिकको मूल्यहरुको विकास गर्ने जस्ता श्रम तथा रोजगार क्षेत्रसँग सान्दर्भिक विषयहरुलाई उल्लेख गरिएका छन् । सरकारले श्रम तथा रोजगारीका विषयलाई व्यवस्थित गर्न बैदेशिक रोजगार नीति, २०६८, राष्टिय रोजगार नीति, २०७१ जारी गरेको छ । रोजगारीको हक सम्वन्धि ऐन, २०७५ जारी भई कार्यानवयनमा आएका छन् ।
प्रत्यक नागरिकले रोजगारीको हकको प्रत्याभूति गर्न पाउनु पर्छ । रोजगार प्राप्त गर्न पाउनु उनीहरुको नैसर्गिक अधिकार हो । काम र श्रमिक प्रति समाजको मूल्य धारणा तथा मान्यतामा सापेक्ष परिवर्तन भएमा मात्रै आन्तरिक रोजगारीमा मुलुकका युवा शक्तिलाई परिचालनमा सहज हुने देखिन्छ । बाह्य ज्ञान र सीपको उचित प्रयोगबाट मात्र आन्तरिक रोजगारीको सिर्जना गर्न सकिनेछ ।

रोजगार नीति, २०७१ ले नेपालमा उपलव्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल बनाइ गरिबी निवारणमा योगदान पुर्याउनु नीतिको दुरदृष्टि रहेको छ । उक्त दुरदृष्टि बमोजिम प्रमुख उदेश्यहरु र विषयवस्तुलाई आत्मसात गरी भगवतीमाई गाउँपालिकामा आगामी ५ वर्षे रोजगार रणनीतिले मार्गदर्शन गरेको हुनेछ ।

## कानूनी तथा नीतिगत व्यवस्था

- रोजगारीको हक ऐन, २०७५ नियमावली २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- राष्ट्रिय रोजगार नीति, २०७२
- श्रमको सम्मान राष्ट्रको अभियान समवन्धि रणनीति, २०७८
- एकीकृत रुपमा तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- श्रम मन्त्रालयको ५ वर्षे रणनीति योजना
- १५ आ पञ्चवर्षिय योजना
- नेपाल सरकारको नीति तथा कार्यक्रम

## १.२ रोजगार रणनीतिको आवश्यकता/औचित्य

नेपालमा जातिका आधारमा कामको बाँडफाँड गरिएको ऐतिहाँसिक पृष्ठभूमिमा भगवतीमाई गाउँपालिकामा उपलव्ध आन्तरिक रोजगारीका कतिपय अवसरमा सामाजिक प्रतिष्ठाका कारण युवालाई आकर्षण गर्न सकिएको छैन । सामाजिक प्रतिष्ठाकै कारण युवाहरु विभिन्न कष्टहरु सहेर पनि वैदेशिक रोजगारिमा जाने वर्तमान अवस्थालाई अन्त्य गर्न काम गर्ने संस्कृति तथा श्रमिकको सम्मान हुने वातावरण सृजना गर्नको लागि रोजगार रणनीतिको आवश्यकता महशुस भएको छ । देशमा हुने आर्थिक संकट कम गर्न देशको समग्र बजेटलाई उत्पादन क्षेत्रमा लगाई देशमा दिगो र फराकिलो आर्थिक वृद्धि मार्फत आर्थिक विकास गर्न मद्दत पुग्दछ । रोजगार रणनीतिले आन्तरिक रोजगारीको सिर्जना गर्न समेत टेवा पुराउँदछ । स्थानीय तहमा रहेका स्रोत तथा साधनको प्रभावकारी र उत्पादनमूलक क्षेत्रमा परिचालन गरी रोजगारीका अवसरहरुको बढोत्तरी मार्फत नागरिकको रोजगारीको हक सुनिश्चित गर्न आवश्यक देखिन्छ ।

## १.३ अध्ययनको पद्धति

स्थानीय तहको रोजगारीलाई उत्पादनसँग कसरी जोड्ने भन्ने कुरालाई विषेष जोड दिइएको छ । यो भन्दा अगाडी संचालन गरिएका कार्यक्रमहरु उत्पादनसँग जोडिएका भएता पनि त्यति राम्रो प्रतिफल भने प्राप्त गर्न नसकिएको अवस्था छ । यस अवस्थामा हामीले कुनै पनि कार्यक्रम संचालन गर्नु मात्र ठूलो कुरा नभई त्यस कार्यक्रमले के कति उपलब्धीमूलक हु सक्यो भनि हामीले रणनीति बनाउन जरुरी देखिएको छ । रणनीति नै परिवर्तनको केन्द्र विन्दु हो । जसले परिवर्तनको लागि योजनासँगै उत्पादनमूलक क्षेत्रसँग सम्वन्ध राख्दछ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानूनी तथा नीतिगत व्यवस्था मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलव्धि बैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार सचिवालय लगाएतका निकायबाट प्राप्त

जानकारीलाई सेकेन्डरी सूचनालाई गुणात्मक विधिमा आधारित भएर रणनिति योजना तयार गरिएको छ ।

## १.४ क्षेत्र

भगवतीमाई गाउँपालिका रोजगार रणनीतिले गाउँपालिकामा रहेको श्रोत र साधनको खोजी गरि आन्तरिक रोजगारीलाई गाउँपालिकामा नै बढावा दिइनेछ । रोजगार रणनीतिका देहायका क्षेत्रहरु रहेका छन् ।

- रोजगारसँग सम्बन्धित संवैधानिक, नीतिगत तथा कानूनी प्रावधानको पुनरावलोकन गर्ने,
- रोजगार क्षेत्रको विकास र प्रवर्धनसँग सम्बन्धित समग्र भगवतीमाई गाउँपालिकाको अध्ययन तथा पुनरावलोकन गर्ने,
- श्रम तथा रोजगार क्षेत्रसँग सम्बन्धित समस्याहरुको विश्लेषण गर्ने,
- सिपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिमको प्रयोग गर्ने,
- बैदेशिक रोजगार सम्वन्धित सूचना प्रवाह, परामर्श तथा सहजिकरण गर्ने ।

## १.५ सिमा

भगवतीमाई गाउँपालिका भित्र रहेका ७ वटै वडाभित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिने छ ।गाउँपालिकाको सामाजिक आर्थिक भौगोलिक बनोट कृषि क्षेत्रमा रोगारी सृजना हुन सक्ने अवस्था सिपयुत्त जनशत्ति तयार सम्वन्धि सिमामा रहेर रोजगार रणनिति तयार गरिनेछ ।

## खण्ड - २

## वर्तमान अवस्थाको विश्लेषण

भगवतीमाई गाउँपालिकाको रोजगार रणनिति तयार गर्दा देहायका विषयमा रहेर विश्लेषण गरिएको छ ।

### २.१ जनसंख्या र रोजगारीको अवस्थाः (जनगणना २०७८ अनुसार)

| क्र.सं. | वडा नं. | महिला | पुरुष | जम्मा | प्रतिशत | औषत परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १ | १२९७ | १२१८ | २५१५ | १३.८१ | ४.६७ | |
| २. | २ | १२०० | १११५ | २३१५ | १२.७२ | ४.५७ | |
| ३. | ३ | १५११ | १५०७ | ३०१८ | १६.५७ | ५.७२ | |
| ४. | ४ | १२४८ | १२९४ | २५४२ | १३.९६ | ४.८९ | |
| ५. | ५ | १०७३ | १०६९ | २१४२ | ११.७७ | ५.००४ | |
| ६. | ६ | १५७५ | १५७४ | ३१४९ | १७.३० | ६.०४ | |
| ७. | ७ | १२८५ | १२४० | २५२५ | १३.८७ | ४.९५ | |
| | जम्मा | ९१८९ | ९०१७ | १८२०६ | १००.० | ५.१३ | |

भगवतीमाई गाउँपालिकामा अन्तर्गत ०७ वटा वडाहरु रहेका छन् जस मध्य वडा नं ०१ मा २५१५ वडा नं ०२ मा २३१५ वडा नं ०३ मा ३०१८ वडा नं ०४ मा २५४२ वडा नं ०५ मा २१४२ वडा नं ०६ मा ३१४९ वडा नं ०७ मा २५२५ जम्मा १८२०६ जनसंख्या रहेको छ । जसमा महिला संख्या ९१८९ र पुरुष संख्या ९०१७ रहेको छ । गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार जम्मा ३३६३ घरधुरिमा २२३०६ जनसंख्या मध्ये महिला १०९६६ (४९.१६५) र पुरुष ११३४० (५०.८४५) रहेका छन् । भौगोलिक धरातल अनुसार जनसंख्याको बनौट फरक फरक रहेको छ, गाउँपालिकाको विभिन्न वडाहरुको तल्लो भेगमा उत्पादन योग्य जमिन, व्यवसाय गर्न सहज, शिक्षा, स्वास्थ्य र यातायात सुविधाको पँहुच भएकाले यस क्षेत्रमा बसोबास गर्ने जनसंख्याको जनघनत्व बढी रहेको छ भने गाउँपालिकाको उच्च भू-भागमा जनघनत्व क्रमश न्यून रहेको छ ।

### २.२ रोजगार सम्वन्धि व्यवस्था

वि स २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशिल रोजगारीका अवसर उपलव्ध गराउने नेपाल सरकारको दीर्घकालिन सोच रहेको छ भने तिव्र दिगो र रोजगारमूलक आर्थिक वृदि गर्ने दीर्घकालिन राष्ट्रिय रणनिति रहेको छ । पन्ध्रौ योजनाले आ.व. २०८०/०८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतीशत र वि स २१०० सम्ममा ७२ प्रतिशत पुर्याउने लक्ष्य राखेको छ । त्यस्तै आ व २०८०।०८१ सम्ममा रोजगारीमा आपचारीक क्षेत्रको हिस्सा ५० प्रतिशत र वि स

२१०० सम्ममा ७० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ । हाल नेपालको बेरोजगारी दर ११.४ पर्तिशत लाई वि स २१०० सम्ममा ३ प्रतिशत झार्ने सरकारको दिर्घकालिन लक्ष्य रह्को छ ।

### २.३ गाउँपालिकामा रहेका उद्योग प्रतिष्ठान र रोजगारदाताको विवरण

यस गाउँपालिकामा ३०२ वटा जति फर्महरु दर्ता अवस्थामा रहेका छन् भने उक्त फर्महरुमा कम्तिमा चार सयको हाराहारीमा रोजगारी प्राप्त गरिरहेका छन् । रोजगारी सिर्जनाको लागि गाउँपालिकाले आ.व. २०७६ देखि श्रम रोजगार बैंक संचालनमा ल्यायको छ जसबाट प्रति वर्ष उक्त कार्यक्रमबाट २०० को हाराहारीमा श्रमिकले रोजगारी प्राप्त गरिरहेका छन् भने केन्द्र सरकारको प्रधानमन्त्री तथा प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रमबाट वार्षिक क्रमशः १५० र २०० जना ले वार्षिक रोजगारी प्राप्त गरिरहेका छन् ।

### २.४ बैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको संख्या र प्रकृति

वि स २०७८ सम्ममा यस भगवतीमाई गाउँपालिकाबाट १२१५ जना बैदेशिक रोजगारमा रहेको छन् भने यस गाउँपालिकाबाट प्रत्येक आर्थिक वर्षमा वैदेशिक रोजगारीका लागि जानेको संख्यामा बृद्धि भईरहेको देखिन्छ । यस गाउँपालिकाबाट दैनिक आधारभूत आवश्यकता पुर्ति गर्न छिमेकि राष्ट्र भारत जाने गरेको पाइन्छ ।

| क्र श | वडा नं | वैदेशिक रोजगार मा रहेका व्यक्तिको संख्या |
|---|---|---|
| १ | १ | |
| २ | २ | |
| ३ | ३ | |
| ४ | ४ | |
| ५ | ५ | |
| ६ | ६ | |
| ७ | ७ | |

### २.५ स्थानीय तहको रोजगारिको क्षेत्रमा भएका चूनौती र निराकरण अवस्था

| चुनौती | निराकरण |
|---|---|
| बेरोजगार युवालाई श्रमप्रतिको धारणामा रुपान्तरण गर्न नसक्नु । | रोजगारीको हकलाई पूर्ण रुपमा कार्यान्वयन गर्न केन्द्रिय निति नियमको निर्माण । |
| श्रोत र साधनको पहिचानमा कमि । | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमको सचालन । |
| सिकेको सिपलाई व्यवसायमा रुपान्तरण गर्न नसक्नु । | संघ तथा प्रदेश सरकार बाट बजेट विनियोजन । |

| चुनौती | निराकरण |
|---|---|
| व्वस्थित बजार को कमि । | रोजगारी सिर्जनाको लागि पालिकाले श्रम बैकको निर्माण । |
| परम्परागत खेतीको विकास हुनु । | पालिका स्तर बाट विभिन्न सिप युत्त कार्यक्रमको संचालन । |
| युवाहरुले कृर्षि तथा पशुपाल बाट मनग्य आम्दानि लिन नसक्नु । | विकास साझेदार संस्थाको आगमन । |

**२.६ रोजगार रणनीतिको कार्यान्वयन पश्चात सिर्जित अवसर तथा उपलब्धीः**

- श्रमको सम्मान गर्ने संस्कृति हुनु,
- सिकेका सिपहरुको उचित मात्रामा प्रयोग हुनु,
- उत्पादनमुखी कार्यक्रम बनाउनु,
- कृर्षि तथा पशुपालनमा वृद्धि हुनु,
- व्यवस्थित बजारको निर्माण हुनु,
- आन्तरिक रोजगारीका अवसर सिर्जना हुँदै जानु,
- बेरोजगार नागरिकलाई न्युनतम रोजगारीको प्रत्याभूति भएको हुनु,
- तिन तहको रोजगारीका कार्यक्रमलाई एकीकृत गर्न सहयोग पुग्नु ।

## खण्ड- ३
## रणनैतिक विष्लेषण

नेपालको संविधान २०७२ जारी भइसके पछि रोजगारीको हक प्रत्याभुत गराउनका निम्ति तिनै तहका सरकाहरुबाट आन्तरिक रोजगारी सिर्जनाका निम्ति रोजगार कार्यक्रमहरु संचालनमा भएता पनि उक्त कार्यक्रम उत्पादनमुखी तथा उपलब्धीमूलक हुन सकेको अवस्था छैन । कार्यक्रमहरुमा श्रमिको संख्यामा वृद्धि र रोजगारीको अवसरमा न्यूनता आउँदा सबैलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न सकिएको छैन् । संघीय सरकारको नीतिलाई आत्मसात् गरि तिन वटै तहबाट श्रोत साधन र जनशक्तिलाई उत्पादनशिल रोजगार  मार्फत नागरिकमा सकारात्मक प्रभाव पार्न आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न सीपयुक्त जनशक्तिलाई व्यवसायमा आवद्धता मार्फत वर्षेनि सयौं नागरिक बैदशिक रोजगारीमा जान बाध्यतालाई न्यूनीकरण गर्ने र आन्तरिक रोजगारीका नयाँ क्षेत्र पहिचान गरि स्थानीय स्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरि बेरोजगार नागरिकलाई गाउँमै बस्ने वातावरण तयार गर्न यो रोजगार रणनीतिक योजनाले मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।
- श्रोत साधनलाई एकीकृत गरि रोजगारीमा केन्द्रित गर्ने ।
- राष्ट्रिय नीतिलाई पूर्ण रुपमा पालना गर्ने ।
- बेरोजगार व्यक्तिको वास्तविक तथ्यांक तयार गरि रोजगारीमा संलग्न गराउनु ।
- बैदेशिक रोजगारीमा जान चाहनेका लागि गाउँपालिकाबाटै श्रम स्वीकृतिको व्यवस्था गर्नु ।

# खण्ड - ०४

# रणनैतिक सवाल

विभिन्न तहबाट आयोजित रोजगारमूलक कार्यक्रम गाउँपालिका मार्फत संचालन भइरहेको सर्वविदितै छ । विभिन्न रोजगारमूलक कार्यक्रम संचालित हुँदा हुँदै पनि न्यूनतम रोजगारीको सुनिश्चित हुन सकिरहेको छैन । रोजगारीको हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलब्धीमूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकीकृत श्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारीका क्षेत्र पहिचान गर्नु, उधमशिलता विकास मार्फत जीवनस्तरमा सुधार ल्याउनु यस रणनैतिक सवाल रहेका छन् ।

## खण्ड - ५

## दुरदृष्टि, लक्ष्य र उदेश्य

**सोचः**

**"भगवतीमाईमा रोजगार, व्यसायिक कृर्षि, पशुपालन र पूर्वाधार"** रणनीतिक योजनाको दिर्घकालिन सोच हुनेछ ।

**लक्ष्यः**

**"गाँस, बास र कपासबाट बन्चित नागरिकलाई न्यूनतम १०० दिनको रोजगारी सिर्जना गरि सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने"** यो रणनीतिको लक्ष्य रहेको छ ।

**उदेश्यः**

रोजगार रणनीति योजना निर्माण पश्चात संघीय सरकार, प्रदेश सरकारबाट निर्माणाधिन कानूनहरुलाई समेत प्रत्यक्ष सहयोग गर्दै गाउँपालिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछ ।

१. वास्तविक बेरोजगारको पहिचान गरि न्यूनतम रोजगारीको सुनिश्चित गर्नु,
२. श्रमिकले प्राप्त गरेका सिप तथा ज्ञानको प्रयोग गरि उत्पादन क्षेत्रमा बढावा दिनु,
३. रोजगारदाता बाट माग भए अनुसार श्रमिकको ज्ञानको पहिचान अनुसार कामकाजमा सहभागी गराउनु,
४. बैदेशिक रोजगारीमा जान चाहने युवाहरुका लागि आवस्यक सिप, अभिमुखिकरण तथा परामर्श केन्द्रको स्थापना गरि वैदेशिक रोजगारी बाट फर्किएका श्रमिकहरुले हासिल गरेका ज्ञान तथा सिपको उत्पादन क्षेत्रमा लगाउनु,
५. रोजगारी लाई रोजगार सेवा केन्द्र बाटै एकिकृत गर्नु ।

## खण्ड - ६

## रणनैतिक लक्ष्यहरु

- बेरोजगार व्यक्तिको तत्थ्यांक एकिकृत गरि काममा खटाउने,
- बेरोजगार व्यक्तिको सिप तथा ज्ञानको पहिचान गरि उत्पादनशिल क्षेत्रमा लगाउने,
- खेर गएका श्रोत तथा साधनको खोजि गरि रोजगारी सृजना गर्ने,
- राष्ट्रिय नितिलाई उपलब्धिमुलक बनाउने,
- राजगारदाताको अभिलेखिकरण गर्ने,
- बैदेशिक रोजगारलाई थप मजबुत बनाउन परामर्श केन्द्रको स्थापना गरि सेवा सन्चालन गर्ने,
- गाउँपालिकाबाट संचालित सम्पूर्ण रोजगार कार्यक्रम रोजगार सेवा केन्द्रबाट संचालन गर्ने,
- दिगो रोजगारीलाई सुनिस्चित गर्ने ।

## खण्ड - ७

## रणनैतिक स्तम्भ/प्रमुख रणनीति तथा कार्यनीतिहरु

### ७.१ रणनीतिक स्तम्भ

रणनीतिको सोच प्राप्तिका लागि देहाय बमोजिमका रणनीतिक स्तम्भ पहिचान गरिएको छ ।

१. आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको पहिचान,

२. श्रमिकलाई कार्य स्थलमा आधारित सीप तथा ज्ञानको विस्तार,

३. बैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको सीपको पहिचान गरि उत्पादन क्षेत्रमा उपयोग,

४. रोजगार सेवा केन्द्रको रोजगारमैत्री व्यवस्थापन ।

### ७.२ रणनिति तथा कार्यनितिहरु

| | |
|---|---|
| **रणनितिक स्तम्भ १**<br>आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको पहिचानः | |
| **रणनीति** | **कार्यनीति** |
| १.१ श्रमिलाई सिप तथा ज्ञान अनुसारको काममा सहभागि गराउने । | १.१.१ कुनै पनि श्रमिक लाई कार्यस्थलमा खटाउनु पूर्व उसले प्राप्त गरेको ज्ञान तथा सीप के हो भनि एकिन गर्ने र माग भए बमोजिम काममा खटाईनेछ । |
| १.२ प्राप्त श्रोत तथा साधनको दिगो रोजगारीका रुपमा प्रयोग गर्ने । | १.२.१ श्रमिकले काम गर्ने स्थानको पहिचान गरेर मात्र उसलाई काममा खटाउने गर्नु पर्छ वर्तमान फाइदा भन्दा भविस्यमा फाइदा हुने क्षेत्रमा कामका लागि खटाउँदा उत्पादन बृद्धिका साथै दिगो रोजगारी सृजना गरिनेछ। |
| **रणनितिक स्तम्भ २**<br>श्रमिकलाई कार्य स्थलमा आधारित सीप तथा ज्ञानको विस्तारः | |
| २.१ कार्यस्थलमा आधारित सीप मार्फत अर्धदक्ष कामदारलाई रोजगारीमा संलग्न हुन जागरुप गर्ने । | २.१.१ कुनै पनि पूर्वाधारको गुणस्तर कायम राखुका साथै अर्धदक्ष कामदारलाई थप दक्ष बनाउनका लागि तालिम प्राप्त व्यक्तिहरुबाट तालिम तथा सीपको विकास गरि कामदारलाई दक्ष बनाइनेछ । |
| **रणनितिक स्तम्भ ३**<br>बैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको सीपको पहिचान गरि उत्पादन क्षेत्रमा उपयोग गर्ने | |
| **३.१** बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित | **३.१.१** बैदेशिक रोजगारीबाट फर्किएका |

| | |
|---|---|
| बनाउन विभिन्न निकाए संग समन्वय गर्ने । | व्यक्तिहरुको ज्ञान तथा सीपको एकिन गरि उनीहरुलाई स्वदेशमै काम गरि खाने वातावरण निर्माण गरिनेछ । |
| **रणनितिक स्तम्भ ४**<br>रोजगार सेवा केन्द्रको रोजगारमैत्री व्यवस्थापनः | |
| ४.१ सम्पुंर्ण रोजगार कार्यक्रम रोजगार सेवा केन्द्र मार्फत संचालन गर्ने । | ४.१.१ आवश्यकता अनुसार कर्मचारीहरुलाई क्षमता अभिवृदि तालिमको आयोजना गरि रोजगार सेवा केन्द्रलाई सदृढिकरण गरिनेछ । |

## ७.३ समन्वय तथा सहकार्य

रोजगार रणनिति योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा भगवतीमाई गाउँपालिका, सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, समाजसेवी, उधोग व्यवसायी, निर्माण व्यवसायी लगायतका आमसरोकारवाला, व्यक्ति तथा निकायसंग समन्वय र सहकार्य गरिने छ ।

## भगवतीमाई गाउँपालिकाको रोजगार रणनिति नतिजा खाका

| क स | नतिजा सूचक | इकाई | आधार तथ्यांक | लक्ष्य (आ.व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
| १. | न्युनतम रोजगारीमा सूचीकृत भएका व्यक्ति | जना | | १०४५ | ८०० | ७०० | ४५० | ३०० |
| २. | महिला सूचीकृत | जना | | ७३४ | ८०० | ६५४ | ९०० | ५३६ |
| ३. | पुरुष सूचीकृत | जना | | ३११ | ४०० | ४२२ | २४७ | ४३५ |
| ४. | उत्पादन क्षेत्रमा खटिने | जना | | ९८ | १७६ | ५५ | ३७ | ६७ |
| ५. | पूर्वाधार विकास क्षेत्रमा खटिने | जना | | २०० | २३२ | १६७ | ३२१ | १९८ |
| ६. | सडक क्षेत्र तर्फ रोजगारीमा सहभागि | जना | | २६० | ३०० | २४० | २६७ | २०० |
| ७. | कृषि क्षेत्र तर्फ रोजगारीमा सहभागी | जना | | ३४ | ४५ | ५४ | ३६ | ३२ |
| ८. | सिंचाइ क्षेत्र तर्फ रोजगारीमा सहभागी | जना | | ४५ | ४४ | ६७ | ४३ | ६५ |
| ९. | साझेदारीबाट संचालन गरिएको आयोजना | जना | | ० | ० | ० | ० | ० |

**खण्ड - ८**

## पाँच वर्षको रोजगार रणनैतिक कार्ययोजना

## भगवतीमाई गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना

**स्तम्भ १**
आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको पहिचान गर्ने ।

**रणनीति** १.१ श्रमिलाई सीप तथा ज्ञान अनुसारको काममा सहभागी गराउने ।

**कार्यनीति** १.१.१ कुनै पनि श्रमिक लाई कार्यस्थलमा खटाउनु पूर्व उसले प्राप्त गरेको ज्ञान तथा सीपको पहिचान गरी माग भए बमोजिम काममा खटाईनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहायक निकाय/शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१.१.१ | रोजगार आयोजनाको छनौट र कार्यान्वयन | रो.से.के. | योजना शाखा | ४ महिना भित्र | आयोजना छनोट भएको | |
| १.१.१.२ | रोजगार आयोजनाको प्रकृति र श्रमिकको क्षमता हेरेर परामर्श सिकाउने | रो.से.के. | योजना शाखा | बढिमा ७ दिन | कामको गुणस्तर देखिने | |

**रणनितिक स्तम्भ २** श्रमिकलाई कार्य स्थलमा आधारित सीप तथा ज्ञानको विस्तार गर्ने ।

**रणनिति १.२** प्राप्त श्रोत तथा साधनको दिगो रोजगारीका रुपमा प्रयोग गर्ने ।

**कार्यनिति १.२.१** श्रमिकले काम गर्ने स्थानको पहिचान गरेर मात्र उसलाई काममा खटाउने गर्नु पर्छ । त्बर्तमान फाइदा भन्दा भविस्यमा फाइदा हुने क्षेत्रमा कामका लागि खटाउँदा उत्पादन वृद्धिका साथै दिगो रोजगारी सृजना गरिनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.१.१ | उत्पादन हुने जमिनको छनोट । | रो.से.के. | कृषि शाखा | १६ दिन | जमिनको छनोट भएको | |
| १.२.१.२ | उत्पादनशिल रोजगारीको ढाँचा का लागि जमिन मालिक र श्रमिक बिच सहयोगात्मक भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने । | रो.से.के. | कृषि शाखा | ७ दिन | जमिन मालिक र श्रमिक बिच समझदारी कायम भएको | |
| १.२.१.३ | खालि भएका जमिनमा तत्काल | रो.से.के. | कृषि | १० दिन | उत्पादन हुने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिचान गरि तरकारि तथा फलफुल खेतिका लागि पहल गर्ने । | | शाखा | | फलफुल खेति भएको । | |
| १.२.१.४ | एक सय दिन भित्र उत्पादन भएका बस्तुको बजारिकरणका लागि रुपरेखा तयार गर्ने । | रो.से.के. | कृर्षि शाखा | १५ दिन | उत्पादन भएका बस्तु बजार गएको । | |
| १.२.१.५ | सुचिकृत वेरोजगार लाई पशुपालनमा सेवामा आवद्ध हुने बातावरण तयार गर्ने । | रो.से.के. | कृर्षि शाखा | ३० दिन | मासुको व्यापार भएको । | |

**रणनितिक स्तम्भ २**
श्रमिकलाई कार्य स्थलमा आधारित सिप तथा ज्ञानको विस्तार गर्ने ।

**रणनितिः २.१** कार्यस्थलमा आधारित सिप मार्फत अर्धदक्ष कामदारलाई रोजगारीमा संलग्न हुन जागरुप गर्ने ।

**कार्यनितिः २.१.१** कुनै पनि पूर्वाधारको गुणस्तर कायम राख्नुका साथै अर्धदक्ष कामदारलाई थप दक्ष बनाउनका लागि तालिम प्राप्त व्यक्तिहरु बाट तालिम तथा सिपको विकास गरि कामदार लाई दक्ष बनाइनेछ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१.१.१ | अदक्ष कामदारको पहिचान गरी कार्यस्थल तथा जीवन उपयोगि तालीमको व्यवस्था गर्ने । | रो.से.के. | | ४ महिना | तालिम संचालन गरेको हुने । | |
| २.१.१.२ | ज्ञान तथा सिपको आधारमा काममा खटाउने । | रो से के | | ४ महिना | सिपको पहिचान भएको हुने | |
| २.१.१.३ | सिकेको सिपलाइ व्यवहार परिवर्तनमा लगाउने । | रो से के | | ४ महिना | सिकेको सिपले व्यबहारमा परिवर्तन आउने । | |

**रणनितिक स्तम्भ ३** बैदेशिक रोजगारी बाट फर्केका श्रमिकहरुको सिपको पहिचान गरि उत्पादन क्षेत्रमा उपयोग गर्ने

**रणनितिः ३.१** बैदेशिक रोजगारी लाई सुरक्षित र मर्यादित बनाउन विभिन्न निकाए संग समन्वय गर्ने ।

**कार्यनितिः ३.१.१** बैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुको ज्ञान तथा सिपको एकिन गरि

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उनिहरुलाई स्वदेशमै काम गरि खाने बातावरण निर्माण गरिनेछ । | | | | | | |
| ३.१.१.१ | सिकेको सिपलाई उत्पादन क्षेत्रमा प्रयोग गर्ने | रो से के | | ४ महिना | सिपको उचित मात्रामा प्रयोग भएको हुँने । | |
| ३.१.१.२ | श्रमिक र सिपको अभिलेख तयार गर्ने । | रो से के | | ४ महिना | सिपयुक्त श्रमिकको सूची तयार भएको हुने । | |
| ३.१.१.३ | वैदेशिक रोजगार बाट फर्केकाहरुको अभिलेख तयार गर्ने । | रो से के | | ४ महिना | बैदेशिक रोजगारमा गएकाहरुको विवरण प्राप्त हुने | |
| **रणनितिक स्तम्भ** ४ रोजगार सेवा केन्द्रलाई रोजगार मैत्री र व्यवस्थित बनाउने | | | | | | |
| **रणनितिः ४.१** सम्पूर्ण रोजगार कार्यक्रम रोजगार सेवा केन्द्र मार्फत संचालन गर्ने । | | | | | | |
| **कार्यनितिः ४.१.१** आवस्यकता अनुसार कर्मचारीहरु लाई क्षमता अभिवृद्धि तालिमको आयोजना गरि रोजगार सेवा केन्द्रलाई सुदृढिकरण गरिनेछ । | | | | | | |
| ४.१.१.१ | रोजगारको कार्यक्रम एकिकरण गर्ने । | रो से के | | १ वर्ष | रोजगार कार्यक्रम एक द्धार प्रणालिबाट संचालन भएको हुने । | |
| ४.१.१.२ | कर्मचारी एकिकरण गर्ने | रो से के | | १ वर्ष | कर्मचारी एक द्धार प्रणालिबाट संचालन भएको हुने । | |
| ४.१.१.३ | कर्मचारी लाई दक्ष बनाउन सिप र तालिमको प्रवन्ध गर्ने । | रो से के | | १ वर्ष | कर्मचारी लाई सिप र तालिमको व्यवस्था गरिएको हुने । | |

## खण्ड - ९

## श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilization and Budget Management)

यो रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाइ आवश्यक श्रोत साधनको व्यवस्थापन गाउँ कार्यपालकाले गर्नेछ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र निजी क्षेत्र सहकारी राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

| रणनीतिक स्तम्भ | आ.व. | | | | |
|---|---|---|---|---|---|
| | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ |
| **स्तम्भ- १** आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको पहिचान गर्ने । | ५१८०००० | ६०००००० | ७०००००० | ९०००००० | ११००००० |
| **स्तम्भ- २** श्रमिकलाई कार्य स्थलमा आधारित सिप तथा ज्ञानको विस्तार गर्ने । | ४१८०००० | ५०००००० | ३०००००० | २०००००० | १०००००० |
| **स्तम्भ- ३** बैदेशिक रोजगारी बाट फर्केका श्रमिकहरुको सिपको पहिचान गरि उत्पादन क्षेत्रमा उपयोग गर्ने । | १०८०००० | १२००००० | १५००००० | २०००००० | १०००००० |
| **स्तम्भ- ४** रोजगार सेवा केन्द्रलाई रोजगार मैत्री र | २०८०००० | ३२००००० | ५५००००० | ७०००००० | १०००००० |

| **रणनीतिक स्तम्भ** | **आ.व.** | | | | |
|---|---|---|---|---|---|
| | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ |
| व्यवस्थित बनाउने । | | | | | |

# खण्ड- १०

## रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्यांकन सम्वन्धी व्यवस्था

यस गाउँपालिका भित्र रहेको रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, रोजगार सम्वद्ध सेवा एवं सरोकारवालाहरुको नक्सांकन गर्न रोजगारीको हकको कार्यान्वयन लगायत रोजगारीका अन्य विषयमा आवश्यकक नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने सम्वन्धमा निर्देशन दिने काम स्थानीय निर्देशन समिति रहनेछ । तर त्यस्तो नीति तथा रणनीतिसँग सम्बन्धित कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्न निर्देशन दिन देहाय बमोजिमको रोजगार रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| १. गाउँ कार्यपालिका अध्यक्ष | संयोजक |
| २. गाउँ कार्यपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ५. अध्यक्षले तोकेको एक महिला सहित २ जना वडा अध्यक्ष/कार्यपालिका सदस्य | सदस्य |
| ६. आर्थिक तथा सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| ७. रोजगार संयोजक | सदस्य सचिव |

### १०.१ रणनीति कार्यान्वयन निर्देशक समितिको काम, कर्तव्य र अधिकार

- बजेट विनियोजका लागि गाउँ वा गाउँ सभालाई सिफारिस गर्ने ।
- गाउँपालिकामा रहेको रोजगारदाता तथा रोजगारीको अवसर र सम्भावनाहरुको पहिचान गर्ने ।
- दीर्घकालीन रोजगारी सृजना गर्नका लागि रोजगार रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लगाउने ।
- स्थानीय तहको बजेट निर्माण गर्नु पूर्व बार्षिक समिक्षा तथा मूल्यांकन गरी आवश्यक सुझाव दिने ।
- श्रम बजारको मागलाई व्यवस्थित गर्ने गराउने ।
- निजी क्षेत्रसँगको सहकार्यमा सूचीकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने ।

## १०.२ अनुगमन तथा मूल्यांकन

स्थानिय निर्देशक समितिले रणनितिक कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ । अनुगमन प्रतिवेदनको आधारमा गाउँ कार्यपालिकाको पृष्ठपोषण बमोजिम स्थानिय निर्देशक समितिले रोजगार सम्वद्ध सरवकारवालाहरुसंगको छलफल एवं परमर्शमा रणनिति पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको प्रतिवेदन गाउँ कार्यपालिका लाइ पेश गर्नु पर्नेछ । रणनिति कार्यान्वयन बाट पहिचान गरिएका विभिन्न क्षत्रहरुमा रोजगारीका अवसरहरुमा भएको बृदि एवं देखिएका प्रभाव सम्वन्धमा स्थानिय निर्देशक समितिको राय परामर्शमा रणनिति कार्यान्वयन समितिले तेस्रो पक्षबाट रणनितिको मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न सक्नेछ ।

# खण्ड - ११

## जोखिम पहिचान तथा व्यवस्थापन

रोजगार रणनिति योजना कार्यान्वयन का क्रममा आउन सक्ने सम्भावित जोखिमहरुलाई देहाय बमोजिम उल्लेख्य गरिएको छ ।

- श्रोतको व्वस्थापन
- सरकारी गैरसरकारी सहकारी निजि क्षेत्र र विकास साझेदार सस्थाहरुसंग समन्वय र सहकार्य
- शाखागत समन्वय
- कार्यक्रम प्रति स्थानिय सरकारको अपनत्व
- प्रदेश र स्थानिय तहमा समन्वय